# धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (तेश्रो संशोधन) विनियमावली, २०७३

धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३०ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले देहायको विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (तेश्रो संशोधन) विनियमावली, २०७३" रहेको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १२ मा संशोधनः** धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (यस पछि "मूल विनियमावली" भनिएको) को;

१. मूल विनियमावलीको विनियम १२ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ :-

"(१) धितोपत्र खरिद बिक्री कारोवारको लागि सिडिएससिले देहाय वमोजिमको योग्यता पूरा गरेको वैंकलाई राफसाफ वैंक नियुक्त गर्नेछ :-

(क) नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त गरी नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी कायम गरेको,

(ख) प्रति शेयर चुक्ता पूँजीभन्दा प्रति शेयर नेटवर्थ बढी भएको,

(ग) कम्तीमा पाँच वर्ष सञ्चालनमा रहेको र कम्तीमा पछिल्लो दुई वर्ष खुद नाफामा सञ्चालनमा रहेको,

(घ) निष्कृय कर्जा पाँच प्रतिशतभन्दा कम रहेको,

(ङ) धितोपत्रको सार्वजनिक निष्कासन गरी सूचीकृत भएको,

(च) Online Banking Systemविकास गरेको ।"

२. उपविनियम (२) पछि देहाय अनुसारको उपविनियम (३) थप गर्नेः-

"(३) राफसाफ वैंक नियुक्त गरेको ७ दिन भित्र सिडिएससिले राफसाफ वैंक छनौटको आधार, प्रक्रिया तथा क्लियरिङ्ग वैंकको नामसहित वोर्डलाई जानकारी गराउनु पर्नेछ ।"